# डुडुवा पुर्ण खोप गाउँपालिका घोषणा

डुडुवा बाँके, ९ असार । बाँकेको डुडुवा गाउँपालिका पुर्ण खोप सुनिश्चित भएको गाउँपालिका घोषणा भएको छ । आज एक समारोहका विच जिल्ला समन्वय समिति बाँकेका संयोजक अजय श्रीवास्तवले घोषणा गर्दै बालबालिकाहरुका लागि खोप अमृत भएकाले यसलाई कहिलै पनि छुटाउनु नहुने बताउनुभयो ।

उहाँले खोप कार्यक्रमलाई सफल बनाउनमा महिला स्वास्थ्य स्वयम्सेविकाको प्रमुख दायित्व भएकाले उनीहरुको सम्मान र जनसेवा नै पारिश्रमिक भएको बताउदै उनीहरुको मेहन र समाजसेवाको स्थानीय सरकारले उच्च कदर गर्नुपर्नेमा जोड दिनुभयो ।

गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले गाउँपालिकाको पहिलो प्राथमिकतामा स्वास्थ्य रहेकाले घरघरमा स्वास्थ्य अभियानमार्फत स्वास्थ्य अवस्थामा सुधार ल्याउने बताउनुभयो ।

उहाँले भन्नुभयो–"गाउँपालिकामा जति निती ल्याएपनि घर घरसम्म सेवाको पूहच भएन भने त्यो कहिलैपनि प्रभावकारी हुन्दैन" । उहाँले स्वास्थ्य सेवामा दिनरात खटिने महिला स्वयम्सेविकालाई सम्मान गर्दै उनीहरुको राम्रो व्यवस्थापन गर्ने प्रतिबद्धता गर्नुभयो ।

घोषणा सभामा जिल्ला जनस्वस्थ्यका निमित्त प्रमुख प्रेमबहादुर केसी, गाउँपालिका उपाध्यक्ष साहिदा वानौ, वडाध्यक्ष भण्डारीलाल यादव, प्रशुराम बुढाथोकी, नेपाली कांग्रेशका हरि रेउले, सुहाराका शिवशंकर चौबे लगायतले बोल्नुभएको थियो ।